भगवतीमाई गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

सम्पर्क नं.
अध्यक्ष ज्यू- ९८५८०८५०२५
प्र.प्र.अ.- ९८५८०२०८९९
सूचना अधिकारी-९८५८०२०७९९

पगनाथ, दैलेख
कर्णाली प्रदेश, नेपाल

पत्र संख्या :- २०८०/०८१ चलानी नं :-

## करार सेवामा पदपूर्ती गर्ने सम्बन्धी सूचना !

**(प्रथम पटक प्रकाशित मिति : २०८०/०४/१८ गते)**

यस गाउँपालिका अन्तर्गत जि.आई.जेड. सँगको सहकार्यमा सञ्चालित ग्रेप परियोजनाको लागि तपसिल बमोजिम पदमा देहायको संख्या र योग्यता भएको कर्मचारी करारमा पदपूर्ति गर्नुपर्ने भएकोले योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन भित्र कार्यालय समय भित्र तोकिएको शुल्क तिरेको रसिद सहित दरखास्त दिनहुन सम्बन्धित सबैका लागि यो सूचना प्रकाशन गरिएको छ ।

**तपसिल:**

| क्र.स. | विज्ञापन नं. | पद | संख्या | कैफियत |
|---|---|---|---|---|
| १. | ०१/२०८०/०८१ | कृषि संयोजक | १ (एक) | |

**(क) आवश्यक न्यूनतम योग्यता :** कृषि विज्ञान तर्फ मान्यता प्राप्त विश्वविद्यालय वा शैक्षिक संस्थाबाट कृषि विज्ञानमा स्नातक तह उत्तिर्ण गरी कृषि तथा जलवायु उत्थानशिल तथा कृषि मूल्यशृङ्खलामा काम गरेका अनुभव भएकोलाई प्राथमिकता दिईनेछ । साथै दुई पाङ्ग्रे सवारीसाधन चालक अनुमतिपत्र भएको उम्मेदवारलाई प्राथमिकता दिईनेछ ।

**(ख) उमेर :** दरखास्त दिने अन्तिम मिति सम्म कृषि स्नातक प्राविधिकको लागि २१ वर्ष पुरा भई ३५ वर्ष ननाघेको र महिलाको हकमा २१ वर्ष पुरा भई ४० वर्ष ननाघेको र कुनै पनि कानुनले अयोग्य नठरिएको हुनुपर्नेछ ।

**(ग) दरखास्त दिने स्थान :** भगवतीमाई गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय, बेस्तडा दैलेख ।

**(घ) दरखास्त दिने अन्तिम मिति :** २०८०/०४/३२ गते ।

**(ङ) आवेदनको दस्तुर :** रु. १०००/- (एक हजार रुपैयाँ मात्र)

**(च) छनौट परीक्षको किसिम :** छोटो सूची, लिखित र अन्तवार्ता ।

**(छ) छनौट विधि:** भगवतीमाई गाउँपालिकाको करार कर्मचारी व्यवस्थापन कार्यविधि, २०७७ बमोजिम हुनेछ । लिखित परीक्षाको पाठ्यक्रम लोकसेवा आयोगद्धारा निर्धारित कृषि प्रसार अधिकृतको लागि तोकिएको पाठ्यक्रम बमोजिम ।

**(ज) आवेदन साथ संलग्न कागजातहरु :** आवेदन स्वंयमले प्रमाणित गरेको देहाय बमोजिम कागजातको प्रतिलिपिहरु :

- नेपाली नागरिकताको प्रमाण-पत्र
- चारित्रिक प्रमाण-पत्र
- न्युनतम योग्यताको लब्धाङ्क प्रमाण-पत्र
- २ (दुई प्रति पासपोर्ट साइजको फोटो

**(झ) सेवा सुविधा तथा अन्य :** मासिक पारिश्रमिक अधिकृतस्तर छैटौं तहको सुरु तलव स्केल सरह र अन्य सुविधा गाउँपालिका र ग्रेप परियोजनाबीच भएको सम्झौता बमोजिम रहनेछ ।

**(झ) कार्यविवरण र आवेदन फाराम :** भगवतीमाई गाउँपालिकाको प्रशासन शाखा वा वेबसाइड bhagawatimaimun.gov.np मा उपलब्ध छ ।

**(ञ) लिखित परीक्षाको मिति:** दरखास्तको म्याद सकिए पछि तोकिने छ ।

.............................
**बखतबहादुर खड्का**
**प्रमुख प्रशासकीय अधिकृत**